ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

# नेपाली भाषा शिक्षणमा निरन्तर मूल्याङ्कन

उपप्राध्यापक डा.सर्पराज रोकाय
rokayas1234@gmail.com
भेरी बहुमुखी क्याम्पस गुमी, सर्खेत
मध्यपश्चिम विश्वविद्यालय

**लेखसार**

*प्रस्तुत अध्ययनमा नेपाली भाषा शिक्षणका क्रममा विद्यार्थीको प्रगतिको लेखाजोखा गर्न नितान्त आवश्यक छ । यसमा मूल्याङ्कनका विभिन्न साधनहरू रहेका छन् । ती विभिन्न मूल्याङ्कनका साधनहरूमध्ये सबैभन्दा प्रभावकारी साधन भनेको निरन्तर मूल्याङ्कन हो । मूल्याङ्कनका अन्य साधनहरू भन्दा निरन्तर मूल्याङकन एक प्रभावकारी साधन हो । निरन्तर मूल्याङ्कन विना विद्यार्थीको वास्तविक प्रगतिको लेखाजोखा गर्न सकिदैन । निरन्तर मूल्याङ्कनले विद्यार्थीको सूक्ष्म तरिकाले व्यवहारिक लेखाजोखा गर्दछ । विद्यार्थीलाई पढाइमा हौसला प्रधानता दिने काम गर्दछ । शिक्षक, विद्यार्थी र अभिभावकबीचको सम्बन्धलाई बलियो बनाउने काम गर्दछ । यसले विद्यार्थीको पढाइको प्रगतिको निरन्तर रुपले विद्यार्थीलाई जागरुप बनाउनमा बल पुऱ्याउने छ भन्ने अपेक्षा गरिएको छ ।*

**प्रमुख शब्दावली** : निरन्तर, मूल्याङ्कन, प्रणाली, प्रक्रिया, शिक्षण, प्राथमिकता

## परिचय

मूल्याङ्कन भन्नाले कुनै पनि विषयवस्तुको लेखाजोखा गर्नु भन्ने बुझिन्छ । मूल्याङ्कनलाई कुनै पनि कार्यको प्रभावकारी रुपमा सञ्चालन गर्नमा सहयोग पुऱ्याउने साधनका रुपमा लिने गरिन्छ । कुनै पनि कार्यको बीचबीचमा वा अन्त्यमा मूल्याङ्कन गरिन्छ । मूल्याङ्कन बिना कुनै पनि कार्य प्रभावकारी रुपले अगाडि बढेको पाइदैन । नेपालको शिक्षा प्रणालीमा अन्य मूल्याङ्कनभन्दा निरन्तर मूल्याङ्कनले प्राथमिकता पाएको छ । यहाँ नेपाली भाषा शिक्षणमा निरन्तर मूल्याङ्कनको विवेचना गरिएको छ ।

विद्यार्थीहरू विद्यालय प्रवेश भएको दिन देखि उनीहरूको कुनै न कुनै रुपमा प्रगति भएर व्यवहारमा परिवर्तन भइरहन्छ । सिकाइ विद्यार्थीका लागि एक निरन्तर भइरहने प्रक्रिया हो भने त्यसबाट प्राप्त हुने परिवर्तन नै विद्यार्थीको प्रगति हो । उनीहरूको प्रगतिको निरन्तर मूल्याङ्कन हुन नितान्त आवश्यक देखिन्छ । उनीहरूको शैक्षिक प्रगति तथा अन्य क्रियाकलापमा भएको प्रगतिको जानकारी विद्यार्थी, अभिभावक, शिक्षक तथा विद्यालय प्रशासनमा भई रहनु पर्दछ । कुनै अवस्थामा विद्यार्थीको प्रगति कस्तो छ भनेर उसको निम्ति तयारी गरिदिएका अभिलेखले प्रष्ट पार्दछ । प्रगति अभिलेख एउटा ऐना हो । जसको माध्यमबाट सम्बन्धित विद्यार्थी शैक्षिक प्रगति वा विद्यालयमा गरिने विविध

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

क्रियाकलापहरू उनीहरूको शारीरिक, मानसिक तथा विविध पक्षको परिवर्तन प्रगति र अवस्थालाई तथ्याङ्क गरी सरल वैज्ञानिक ढङ्गले राखिनु पर्दछ । जुनसुकै बेला विद्यार्थीको शैक्षिक तथा अन्य क्रियाकलापको स्वरुप कस्तो छ भनेर सम्वद्ध पक्षले जानकारी लिन पाउँनु पर्दछ । यसरी प्राप्त जानकारीले सबै पक्षलाई आ-आफ्नो क्षेत्रमा सुधार गर्न गराउन मद्दत पुऱ्याउँछ । विद्यार्थी मूल्याङ्कनको क्षेत्रमा निरन्तर मूल्याङ्कन प्रक्रियाको अवधारणा सबैका लागि शिक्षा कार्यक्रमको गुरु योजना (१९९९) ले निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई अगाडि सारी नीतिगत रुपमा प्राथमिक पाठ्यक्रम २०५९ ले व्यवस्था गरेको पाइन्छ भने कार्यन्वयनका लागि प्राथमिक पाठ्यक्रम १-३ ले २०६३ देखि कक्षा १ मा उदार कक्षान्नोती व्यवस्था मिलाई हाल कक्षा ८ सम्म कार्यन्वयन हुदैछ ।

विद्यार्थीहरूले आफ्नो पठन पाठन सुरु गरेदेखि उसको निरन्तर प्रगतिको विवरण कार्यहरू सङ्कलन गरि त्यसमा विद्यार्थीहरूले सम्पन्न गरेका पढाइ, लेखाइ, लिखित, मौखिक परीक्षा अवलोकन तथा अन्तर्वार्ता आदि सम्पूर्णको अभिलेखिकरण गर्नु पर्दछ । विद्यालय तहको निरन्तर निर्माणात्मक निरन्तर मूल्याङ्कन गर्न कक्षागत शिक्षण सिकाइकै अभिन्न अङ्का रुपमा गृहकार्य, कक्षाकार्य, परियोजना कार्य, सामूदायिक कार्य, अतिरिक्त क्रियाकलाप, एकाइ परीक्षा, मासिक परीक्षा मूल्याङ्कनका साधनहरूको प्रयोग गर्ने गरिन्छ । निरन्तर मूल्याङ्कनमा विद्यार्थीको अभिलेख राखि सिकाइ अवस्था एकिन गरी उपचारात्मक सिकाइबाट सुधार गर्ने पक्षमा जोड दिइन्छ । नेपाली भाषामा कुनै समयमा सीमित भएर लिइने लिखित परीक्षाले मात्र विद्यार्थीको वास्तविक प्रगति विवरण थाहा पाउँन कठिन हुने हुँदा प्रत्यक्ष रुपमा सहभागिताका आधारमा भाषिक प्रगतिको लेखाजोखा गर्न उपयुक्त हुन्छ ।

भाषा शिक्षणमा निरन्तर मूल्याङ्कनको के कस्तो अवस्था रहेको छ र निरन्तर मूल्याङ्कनको के कस्तो महत्व रहेको छ भन्नु नै यस अध्ययनका समस्या रहेका छन् ।

## उद्देश्य

भाषा शिक्षणमा निरन्तर मूल्याङ्कनको अवस्थाको अध्ययन गर्नु र निरन्तर मूल्याङ्कनको महत्वको विश्लेषण गर्नु यस अध्ययनका उद्देश्य रहेका छन् ।

## अध्ययन विधि

नेपाली भाषा शिक्षणमा निरन्तर मूल्याङ्कन गर्न मूलत : पुस्तकालय विधि प्रयोग गरिएको छ । पुस्तकालयबाट सङ्कलन गरिएका विभिन्न सामग्रीहरूको गुणात्मक ढाँचाले व्याख्या र विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययन पूर्णत : साहित्यिक अध्ययन भएको हुनाले यो अध्ययन सम्पन्न गर्नका लागि आवश्यक पर्ने सम्पूर्ण सामग्री पुस्तकालयी स्रोतबाट सङ्कलन गरिएको छ । यस क्रममा पुस्तकालयी कार्यबाट सङ्कलित सामग्रीहरूको तथ्यपन गरी त्यसकै आधारमा सङ्कलित सामग्रीको विश्लेषण

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

गरिएको छ । सामग्री विश्लेषणमा गुणात्मक पद्धतिको अवलम्बन गरिएको छ । प्रस्तुत अध्ययन मुख्यत : भाषा शिक्षणमा निरन्तर मूल्याङ्कन भएकोले ती सामग्रीको विश्लेषणका क्रममा व्याख्यात्मक र विवरणात्मक विधिको प्रयोग गरिएको छ । सामग्री सङ्कलनका रुपमा विभिन्न पत्रपत्रिका, अनुसन्धनात्मक लेखरचना, पुस्तक र शोध पत्रलाई प्रयोग गरिएको छ । भाषा शिक्षणमा निरन्तर मूल्याङ्कनमा मात्र यो अध्ययन केन्द्रित रहेको छ ।

## पूर्वकार्यको समीक्षा

निरन्तर भाषा शिक्षणमा मूल्याङ्कन सम्बन्धी कुनै पनि राम्रोसँग प्रभावकारी तरिकाले मूल्याङ्कन भएको देखिदैन । पूर्वकार्यको समीक्षा गर्न नपाइए तापनि मूल्याङ्कनसँग सम्बन्धित भएका विभिन्न शोधपत्र, शोधपत्रसँग सम्बन्धित शोधहरू, सन्दर्भ ग्रन्थहरू, प्रतिवेदन तथा विभिन्न पत्रपत्रिकाको अध्ययन गरी निस्किएका निष्कर्षलाई निम्नानुसार उल्लेख गरिएको छ ।

राष्ट्रिय शिक्षा आयोग प्रतिवेदन (२०४९) द्वारा प्राथमिक तहलाई प्रभावकारी बनाउन दिएका विभिन्न सुझावहरूमा सुझाव नं. १४ मा प्राथमिक कक्षाका बालबालिकाहरूको मूल्याङ्कन गर्न नियमित परिपाटी बसाल्नु पर्दछ । यसो गर्दा गृहकार्य, मौखिक कार्यहरूका अतिरिक्त क्रियाकलापमा सङ्लग्नताका साथै पाठका अन्त्यमा कक्षा परीक्षा लिई अभिलेख राख्ने अवस्था हुनुपर्दछ भन्ने कुरा उल्लेखले निरन्तर मूल्याङ्कनमा सहयोग पुग्ने देखिन्छ ।

पौडेल (२०५२), द्वारा जिल्ला स्तरीय परीक्षा २०५१ मा उपयोग गरिएका कक्षा ८ को नेपाली भाषा प्रश्नहरूको विशलेषण शीर्षकको शोधपत्रमा अधिराज्यको विभिन्न भागको प्रतिनिधित्व हुने गरी प्रश्नावलीको आन्तरिक तथा बाह्य रुपमा राष्ट्रिय कसीको मापदण्डको आधारमा व्याख्या तथा विश्लेषण गर्नुका साथै नेपाली भाषामा मूल्याङ्कनको प्रणालीमा एकरुपकता नभए कै कारण परीक्षा तथा मूल्याङ्कनमा एकरुपकता ल्याउन यो शोधपत्र उपयोगी छ ।

ढकाल (२०५६), द्वारा २०५७ सालमा उपयोग गरिएका कक्षा १० को नेपाली भाषाको जाँच परीक्षाको प्रश्नहरूको विश्लेषण शीर्षकको शोधपत्रद्धारा विद्यालयमा तयार पारिएका प्रश्नपत्रहरू पाठ्यक्रम अनुरुप नहुनु, शिक्षाको राष्ट्रिय उद्देश्यलाई स्पष्टसँग छुन नसक्नु, नेपाली भाषिक सिपहरूलाई सबै जिल्लामा समानुपातिक रुपले मापन गर्न नसक्नु, प्रश्नपत्र तयार गर्दा विशिष्टिकरण आधार नमानी प्रश्नपत्र तयार गरी मूल्याङ्कन गर्दा भाषिक मूल्याङ्कनमा एकरुपता नहुनु समस्याहरू उल्लेख गरेका छन् ।

पाठ्यक्रम विकास केन्द्र (२०६७) द्वारा प्राथमिक शिक्षा पाठ्यक्रम (कक्षा १-३) र (१-५) मा निरन्तर विद्यार्थी मूल्याङ्कन पा.वि.क. सानोठिमी भक्तपुरद्धारा प्रकाशित पुस्तकमा निरन्तर विद्यार्थी

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

मूल्याङ्कन गर्नाले विद्यार्थीको व्यक्तिगत पक्षको विकास गर्नुका साथै उसको आन्तरिक, बाह्य र ऊ बसेको वातावरणीय पक्षमा सुधार ल्याउन सहयोग पुग्ने कुरा उल्लेख छ ।

अधिकारी र शर्मा (२०६२), द्वारा प्रारम्भिक नेपाली शिक्षण पाठ्यक्रम विकास केन्द्र सानाठिमी भक्तपुर द्वारा प्रकाशित पुस्तकमा भाषिक मूल्याङ्कनको अन्तरक्रिया, मूल्याङ्कनका साधाहरू भाषिक मूल्याङ्कनका लागि प्रश्नहरू र मूल्याङ्कनका विविध साधनहरूद्वारा विद्यार्थीको शैक्षिक उपलब्धि मापन गर्न सकिने कुरा उल्लेख गरिएको छ ।

पौडेल (२०६२), द्वारा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली र यसको शैक्षिक व्यवस्थापनमा प्रभाव शीर्षकको शोध पत्रमा सुर्खेत जिल्लाको विभिन्न भागको प्रतिनिधित्व हुने गरी निरन्तर विद्यार्थी मूल्याङ्कनको कक्षा (१-३) को सबै विषयमा केन्द्रित भएर व्याख्या विश्लेषण गर्दै कक्षा (१-३) मा निरन्तर मूल्याङ्कन प्रभावकारी बनाई पाठ्यक्रमले तोकेका शैक्षिक उपलब्धिहरू पूर्ण रुपमा सिकाइ हुनुपर्ने नत्र विद्यार्थी मूल्याङ्कनमा एकरुपता नआउने हुदा यो ठुलो समस्या हो भनेको छ । यसबाट निरन्तर मूल्याङ्कन गर्न सजिलो हुने देखिन्छ ।

निरौला (२०६६) द्वारा कक्षा तिनमा नेपाली भाषा शिक्षणका क्रममा गरिने निरन्तर विद्यार्थी मूल्याङ्कन एक अध्ययन शीर्षकको शोधपत्रमा विद्यार्थीहरूले निश्चित अवधिपछि सिकाइको प्रगति प्राप्त गर्दछन् र सिकाइको प्रगति अभिलेखका आधारमा पत्ता लगाउन सकिन्छ भनेका छन् । उनको उक्त शोधमा निरन्तर मूल्याङ्कनको सम्बन्धमा अध्ययन गरे तापनि निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रभावकारीता उल्लेख गरेका छैनन् ।

घिमिरे (२०६६) द्वारा निम्न माध्यमिक तहको कक्षा आठमा निरन्तर मूल्याङ्कन प्रभावकारीता शीर्षकको शोधपत्रमा आवधिक रुपमा सञ्चालन गरिने मूल्याङ्कन परिपाटि विद्यार्थीका सबै पक्षको विकास हुन नसक्ने, विद्यार्थीको वैयक्तिक भिन्नता अनुरुप शिक्षण गरी भाषिक कमजोरी निराकरण गर्ने, निरन्तर विद्यार्थी मूल्याङ्कन सिद्धान्त स्वीकृति भएको तर सबै पक्षमा लागु नभएको कुरा उल्लेख छ ।

## व्याख्या र विश्लेषण

### निरन्तर मूल्याङ्कन सिद्धान्तको परिचय

विद्यार्थीले विद्यालयमा प्रवेश गरेदेखि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै न कुनै नयाँ विषय वस्तुका बारेमा जानकारी लिइराखेका हुन्छ । विद्यार्थीको सिकाइ मूल्याङ्कन गर्ने मुख्य दुई वटा प्रचलन रहेका छन् । ती हुन् निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ क्रियाकलाप विषयगत रुपमा विद्यार्थीले हाँसिल गरेका सिकाइ उपलब्धिहरू सामाजिक बानी व्यवहार सिर्जनात्मक कार्यका अतिरिक्त क्रियाकलापमा संलग्नताको निरन्तर लेखाजोखा गरी अभिलेख राखिन्छ ।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

निर्णयात्मक मूल्याङ्कनमा कलम र कापीको सहयोगको परीक्षाबाट प्राप्ताङ्कको आधारमा उत्तीर्ण, अनुउत्तीर्णको स्तर निर्धारण गन्छि । तर निर्माणात्मक मूल्याङ्कनमा भने विद्यार्थीका कमीकमजोरीलाई समयमा नै सुधार गरेर तुरुन्तै विद्यार्थीलाई पृष्ठपोषण दिने काम गरिन्छ । विद्यार्थीको पढाइ लेखाइमा के कस्तो छ । समयमा नै जानकारी दिनु पर्दछ । यसलाई निरन्तर रुपमा मूल्याङ्कन गरिरहनु पर्दछ । विद्यार्थीको ज्ञान र अभिवृद्धिको विकास कसरी भइरहेको छ भन्ने कुरा औपचारिक परीक्षाबाट मात्र पत्ता लगाउँने हुँदा निरन्तर विद्यार्थी मूल्याङ्कनलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्नुपर्ने र कार्यन्वयनमा ल्याउने प्रयास गरिएको छ । नेपाली भाषामा विद्यार्थीको दैनिक दिनका प्रगतिको अभिलेख र मूल्याङ्कन गरेको हुँदा विद्यार्थीको दैनिक दिनको सही लेखाजोखा हुन सक्ने कुरा प्रमाणित भएको छ । निरन्तर विद्यार्थीको मूल्याङ्कन प्रणालीमा शिक्षकद्वारा कक्षाकार्यमा विद्यार्थीले हासिल गरेका सिकाइ उपलब्धि नियमित रुपमा लिएको लिखित परीक्षा, कक्षाकार्य र गृहकार्यको अभिलेख, व्यवहारमा परिवर्तन, सिर्जनात्मक कार्य हाजिरी राखि त्यसको लेखाजोखा गरिन्छ । यसरी लेखाजोखा गरेको परिणामलाई कक्षान्नोतिको आधार मानिन्छ । न्यून पढाइ स्तर भएकालाई अनुत्तीर्ण गरी कक्षा दोहोऱ्याउन लगाइदैन । माथिल्लो कक्षामा जानका लागि थप मौका प्रदान गरिन्छ । विद्यार्थीको सिकाइमा निरन्तर लेखाजोखा गर्न सजिलो हुने भएकाले कक्षा शिक्षणमा प्रभावकारी मानिन्छ (कक्षा ३, मेरो नेपाली) तोकिएको अवधिभित्र कुनै विषय वा घटनामा आएका उन्नतिको विस्तार पूर्वक वर्णन गर्नु, त्यसलाई हेर्नु, बुझ्नु, छानविन गर्नु नै आवधिक प्रगतिको विवरणको अध्ययन हो । यसैले कक्षा शिक्षण कार्य पश्चात् विद्यार्थीमा देखिने क्षमता वृद्धिलाई यस अन्तर्गत लिन सकिन्छ (वि.स.२०५६, पाठ्यक्रम विकास केन्द्र) । मूल्याङ्कन समग्र कार्यको महत्त्वपूर्ण अङ्गको रुपमा लिइन्छ । भाषा शिक्षणका क्रममा पनि मूल्याङ्कनको भूमिका महत्त्वपूर्ण रहेको पाइन्छ । मूल्याङ्कन विनाको भाषा शिक्षण आफैमा लुलो लङ्गडो बन्न सक्छ (अधिकारी २०५०) । मूल्याङ्कन शिक्षणको अभिन्न प्रक्रिया हो । भाषिक सिप तथा त्यससँग सम्बन्धित पक्षमा विद्यार्थीहरूलाई विशेष अभ्यास, निराकरणात्मक अध्यास गर्नु परेमा पनि मूल्याङ्कन एउटा यस्तो उपाय हुन सक्छ जसबाट उनीहरूका कमजोरी क्षेत्रहरू पत्ता लगाउँन सकिन्छ (२०५९ अधिकारी) ।

**निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली**

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली भनेको विद्यार्थीले गरेका प्रगतिको नियमित रुपमा लेखाजोखा गर्ने परिपाटी हो । यो एउटा औपचारिक पद्धति पनि हो । यसमा विभिन्न खालका विधि र प्रक्रियाहरू अपनाईन्छन् । यो हरेक शिक्षण सिकाइ क्रियाकलापसँग आवश्यकता अनुसार सञ्चालन गरिन्छ । यो सिकाइको अभिन्न अंङ्ग हो । यस मूल्याङ्कन प्रक्रियामा कुनै समयमा मूल्याङ्कन विविध माध्यम लिखित, मौखिक, प्रश्नउत्तर र अवलोकनबाट विद्यार्थीको मूल्याङ्कन गरि कक्षा चढाउनु भन्दा गति सिकाइलाई

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

प्रभावकारी शिक्षणका लागि सुधारात्मक उपलब्धि हासिल गर्न पृष्ठपोषण दिनमा उपयोगी मानिन्छ । कक्षाकोठामा विद्यार्थीहरूलाई राम्रोसँग नियमित रुपले उनीहरूको पढाइको गति पत्तालगाउदै जादा पठन पाठनमा सहयोग पुग्न जान्छ । निरन्तर मूल्याङ्कनले विद्यार्थीलाई आफ्नो पढाइमा रुचि पैदा गर्नुका साथै सम्पूर्ण शिक्षा पद्धतिलाई सुधारतिर लिने काम गर्दछ ।

**नेपाली भाषा शिक्षणमा निरन्तर**

मूल्याङ्कनको महत्त्व निरन्तर मूल्याङ्कन आन्तरिक प्रक्रिया भएकाले भाषा सिकाइमा विद्यार्थीले अनेकौ प्रयत्न र भूल गर्दै भाषिक सिप र व्यवहारलाई परिमार्जित गर्दै लैजान्छन् । यसै क्रममा उनीहरूका भाषिक सिप र व्यवहार तथा सिकाइ प्रक्रियाको औपचारिक ढङ्गले निरन्तर मूल्याङ्कन र पृष्ठपोषण गरिएन भने कतिपय विद्यार्थीहरूले आफ्ना गल्ति कमजोरीहरू न्यूनीकरण गर्न सक्दैनन् । यस्तो कमजोरीले शिक्षा क्षेत्रमा दीर्घकालिन असर पारिरहन्छ । अपेक्षा अनुरुप शिक्षाले राखेका उद्देश्यहरू पूरा नहुने सम्भावना बढी हुन्छ ।

भाषा शिक्षणका क्रममा वर्णविन्यास, शब्द छनोट, शब्द गठन, वाक्य विन्यास, शैली, शब्द शृङ्खला, रचना प्रक्रिया, बोध, वाचन अभिव्यक्ति कला, सफाइ, शुद्धता तथा जीवन्त भाषा प्रयोगमा निरन्तर मूल्याङ्कनको महत्त्व रहेको छ । विद्यार्थी भाषिक प्रयोग तथा क्रियाकलापमा विषय शिक्षकका निरन्तर निरीक्षण, अनुगमन, परामर्श, सल्लाह, त्रुटि कम, निर्देशन, सहयोग, सुझाव तथा सहृदयी व्यवहार अत्यन्त फरक र प्रभावकारी हुन्छन् । यसका लागि टेवा पुऱ्याउने उपाय भनेको नै निरन्तर मूल्याङ्कन हो । यसलाई बुँदागत रुपमा निम्नानुसार स्पष्ट पार्न सकिन्छ :

(१) विद्यार्थीहरूको सिकाइलाई बलियो बनाउन,

(२) विद्यार्थीका कमीकमजारीलाई सुधार गर्न,

(३) विद्यार्थीलाई नियमित रुपमा पृष्ठपोषण प्रदान गर्न,

(४) पढेका कुरालाई स्थायी रुपमा दिमागमा दिगो रुपमा राख्न,

(५) पासहुने सङ्ख्या बढाउन,

(६) विद्यार्थीहरूको नियमित पठन पाठन गर्न आउने सङ्ख्या बढाउन,

(७) विद्यार्थीलाई आफ्नो रुचि जगाउन,

(८) विद्यार्थीको कक्षाकोठाको सहभागिताको सङ्ख्या बढाउन,

(९) विद्यार्थीलाई आफ्नो पठन पाठनमा आकर्षित गराउन र सम्पूर्ण शैक्षिक क्षेत्रलाई सुधार आदि ।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

**निरन्तर मूल्याङ्कनको उद्देश्य र कार्य**

निरन्तर विद्यार्थी मूल्याङ्कनको मुख्य अर्थ विद्यार्थीहरूमा आएको प्रगति लेखाजोखा गर्न निरन्तर मूल्याङ्कन प्रणाली अवलम्वन गरी कक्षोन्नति र विद्यार्थीको सिकाइमा देखा पर्ने कमीकमजोरीलाई निराकररण गरी विद्यार्थीले कक्षामा देखाउने सक्रियतालाई अवलोकन गरी अभिलेख राख्नु भाषा शिक्षकको प्रमुख भूमिका हुन जान्छ । निरन्तर विद्यार्थी मूल्याङ्कन पुस्तिका २०५८ का अनुसार निरन्तर विद्यार्थी मूल्याङ्कनका निम्न लिखित उद्देश्य तथा कार्य रहेका छन् :

(१) बीचैमा कक्षा छोड्ने विद्यार्थीको सङ्ख्या कम गर्न,

(२) कक्षा दोहोऱ्याउने सङ्ख्या कम गर्न,

(३) विद्यार्थीलाई नियमित रुपमा विद्यालय आउने वातावरण सिर्जना गर्न,

(४) विद्यार्थीलाई परीक्षामा अनुत्तीर्ण हुने त्रासबाट हटाउन,

(५) मूल्याङ्कनलाई विद्यार्थी केन्द्रित बनाई प्रभावकारी सिकाइका लागि उपयोग गर्न,

(६) विद्यार्थीले नजानेका कुरालाई समय समयमा जानकारी गराउन,

(७) विभिन्न साधन र माध्यमको प्रयोग गरी विद्यार्थीको पढाइको निरन्तर लेखाजोखा गर्ने बानी बसाल्न,

(८) उदार कक्षान्नति नीति लागु गर्न,

(९) विद्यार्थीलाई परीक्षाको त्रासबाट मुक्त गर्न,

(१०) व्यवहारिक परिवर्तनलाई प्राथमिकता दिन,

(११) विद्यार्थीको मनोभावनाको कदर गरेर मूल्याङ्कन प्रक्रिया अगाडि बढाउन,

(१२) विद्यार्थीको सिकाईलाई सही मार्गमा दोहोऱ्याउन,

(१३) औपचारिक परीक्षाबाट विद्यार्थीहरूलाई मुक्ति गराउन,

(१४) समग्र शैक्षिक प्रणालीलाई सुधार गर्न आदि ।

**निरन्तर मूल्याङ्कनको आवश्यकता**

(१) मूल्याङ्कनका विभिन्न माध्यम र साधनको प्रयोग गरी विद्यार्थीको लगातार मूल्याङ्कन गर्न,

(२) मूल्याङ्कनलाई विद्यार्थी केन्द्रित र प्रभावकारी शिक्षण सिकाइका लागि उपयोग गर्न,

(३) जेहेन्दार विद्यार्थीका लागि प्रोत्साहन र कमजोर विद्यार्थीका लागि विशेष मद्दत गर्न,

(४) विद्यार्थीहरूलाई नियमित विद्यालय आउन सहयोग पुऱ्याउने वातावरण तयार गर्न,

(५) धेरै भन्दा धेरै बालबालिकालाई शिक्षाको तह पूरा गराउन,

(६) विद्यार्थीहरूमा औपचारिक शिक्षाको औपचारिक मूल्याङ्कनबाट मुक्त गराउन,

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

(७) शैक्षिक क्षति अन्तर्गत परीक्षामा फेल हुने, बीचैमा कक्षा छोड्ने र कक्षा दोहोऱ्याउने दरलाई न्यून गराउन,

(८) विद्यार्थीहरूको सिकाइ उपलब्धिको वैद्यता र विश्वसनीयतामा सुधार ल्याउन,

(९) विद्यार्थीको सही मूल्याङ्कनलाई निरन्तरता दिदै सजकता पूर्वक सम्पन्न गर्न,

(१०) सिकाइको स्तर भएका विद्यार्थीहरूलाई सुधारात्मक तरिकाले शिक्षण गर्न,

(११) विद्यार्थीहरूमा पाठ्यक्रमले निर्धारण गरेका ज्ञान, सिप र व्यवहारलाई दिगो रुपमा स्थापित गर्न,

(१२). विद्यार्थीको सिकाइलाई प्रभावकारी कार्य मूलक र व्यवहारिक बनाउन सहयोग गर्न,

(१३) विद्यार्थी मूल्याङ्कनका लागि आवश्यक हुने अतिरिक्त समय र स्रोतको वचत गर्न,

(१४) बालमैत्री सिकाइ र मूल्याङ्कनको वतावरण बनाउन,

(१५) विद्यार्थीको नियमित उपस्थितिमा वृद्धि गर्न, तह पूरा गर्ने दर र सिकाइ उपलब्धिमा वृद्धि गर्न ।

**भाषिक मूल्याङ्कनका साधनहरू**

विद्यार्थीलाई कक्षाकाठाको स्तर उन्नतिको लेखाजोखा गरी उनीहरूको पढाइलाई सुधार गर्नका लागि निरन्तर मूल्याङ्कनको निरन्तर प्रयोग गर्न आवश्यक देखिन्छ । भाषाको लेखाजोखा गर्दा निम्न साधनहरूको प्रयोग गरिन्छ :

(१) कक्षा सहभागिता : विद्यार्थीको कक्षा कार्यमा सहभागिताको परीक्षण गर्ने विभिन्न साधन तयार गरी विदार्थीको उपलब्धि र सक्षमताको मूल्याङ्कन गर्न सकिन्छ ।

(३) परियोजना तथा प्रयोगात्मक कार्य : विद्यार्थीको क्षमता, स्तर र पाठ्यवस्तुसँग मिल्दा परियोजना तथा प्रयोगात्मक कार्य गर्न दिनु पर्दछ । यसमा चरणबद्ध र व्यवस्थित रुपमा कार्य गरे वा नगरेको अवलोकन तथा अध्ययन गरी आवश्यक भए थप सुझाव दिनु पर्दछ ।

(५) विद्यार्थीका कार्यक्रमको प्रदर्शन : विद्यार्थीले गरेका सिर्जनात्मक कार्य कविता, निबन्ध, कथा लेखन, चित्र बनाउने जस्ता कार्यहरूको प्रदर्शन गराई उनीहरूको कार्यको मूल्याङ्कन गर्न सकिन्छ ।

(६) घटनावृत अभिलेख : विद्यार्थीले कुनै घटनामा प्रदर्शन गरेका व्यवहार तथा कार्यको विवरण सङ्कलन तथा व्याख्या गरी विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ ।

(७) छोटो परीक्षा : कुनै विषयवस्तुको सिकाइ पश्चात् विषयवस्तुको प्रकृतिअनुसार लिखित तथा मौखिक परीक्षाहरू सञ्चालन गर्न सकिन्छ ।

(८) स्वः र सहपाठी मूल्याङ्कन : विद्यार्थी आफूले के कति सिक्न सके भनी सिकाइ अवस्थाको स्वःमूल्याङ्कन गरी सुधार गर्न सकिन्छ । त्यसै गरी कक्षामा सहपाठीहरूले एकअर्काका कार्यको

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

मूल्याङ्कन गर्ने, सँगै बसेर गरिएका कार्यको मूल्याङ्कन गर्ने गरी पृष्ठपोषण प्राप्त गर्ने अवसर प्रदान गर्न सकिन्छ ।

(९) अभिभावकको प्रतिक्रिया : विद्यार्थीले कार्यसम्पादन, व्यवहारमा भएको परिवर्तन र विशिष्ट तथा समग्र सिकाइका बारेमा अभिभावकको राय तथा प्रतिक्रियाबाट पनि विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ ।

(१०) मौखिक जाँच : भाषिक मूल्याङ्कनका लागि मौखिक जाँच अति आवश्यक माध्यम हो । यस्तो जाँचबाट सुनाइ बोलाइसँग सम्वधित विभिन्न उच्चारण र पठनबोध जस्ता कुराको मूल्याङ्कन गर्न सकिन्छ । यसलाई बुँदागत रुपमा निम्नानुसार स्पष्ट पार्न सकिन्छ ।

(१) मौखिक रुपमा लिइने मूल्याङ्कनका साधन,

(२) सुनाइ र बोलाइसँग सम्वन्धित मूल्याङ्कनका साधन,

(३) यसले विद्यार्थीहरूको उपलब्धि पत्ता लगाउन,

(४) यसबाट पाठ्यक्रमका उद्देश्य पूरा भए नभएको थाहा हुने,

(५) श्रुतिबोध, वर्ण, शब्द तथा वाक्य विभेदीकरण, उच्चारण, मौखिक अभिव्यक्ति मौखिक रुपमा गरिने,

(६) मौखिक अभिव्यक्ति सिपका साथै सस्वर पठन सिपको मूल्याङ्कनमा महत्त्वपूर्ण हुने,

(७) व्यक्तिगत क्षमताको मूल्याङ्कन गर्न प्रभावकारी हुने ।

(११) लिखित जाँच : भाषिक मूल्याङ्कनका लागि लिखित जाँचको पनि उत्तीकै महत्त्व रहेको छ । लिखित जाँचबाट मात्र सम्पूर्ण भाषिक मूल्याङ्कन सम्भव नभए तापनि प्राय जसो लिखित जाँचकै माध्यमबाट भाषिक मूल्याङ्कन गरिने परिपाटी विधमान रहेको पाइन्छ । त्यसैले पनि लिखित जाँचबाट लेखन बोध, प्रश्नउत्तर, हिज्जे, (वर्णविन्यास) शब्द प्रयोग कुराको जाँच गर्न सकिन्छ । यसलाई बुँदागत रुपमा निम्नानुसार स्पष्ट पार्न सकिन्छ :

(१) विद्यार्थीमा निहित बोध तथा तात्त्विक धारणा र त्यससँग सम्वन्धित प्रयोग जाँच महत्त्वपूर्ण हुने,

(२) पठनबोध, भावार्थ, व्याख्या, सारांश, भाषा तत्त्व आदिको मूल्याङ्कन गरिने,

(३) यसमा विषयगत र वस्तुगत प्रश्न हुने,

(४) लिखित रुपमा सञ्चालन गर्नु पर्ने,

(५) लेखन सिपको मूल्याङ्कन गर्न निकै प्रभावकारी हुने

(१२) अवलोकन : कुनै पनि कुरालाई सोच विचार, चिन्तन मनन् गरेर अध्ययन गर्नुलाई अवलोकन भनिन्छ । अवलोकन पद्धतिबाट लिखित, मौखिक र प्रयोगात्मक परीक्षाको परिणामलाई पुष्टि तथा खण्डन गर्न पनि सम्भव हुन्छ । अवलोकन पद्धतिबाट व्यक्तिमा के–कस्तो र कसरी व्यवहारमा

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

परिवर्तन भएको छ भन्ने विषयको अध्ययन गर्ने काम हुन्छ । अवलोकनका माध्यमबाट मौखिक अभिव्यक्तिसँग सम्बन्धित सिप तथा क्षमताको मूल्याङ्कन गर्न सकिन्छ । यो लिखित र मौखिक जाँचभन्दा भिन्न खालको हुन्छ ।

(१) यो अनौपचारिक भाषिक मूल्याङकनको साधन हो,

(२) दैनिक रुपमा व्यवहारमा प्रयोग गरिने भाषिक व्यवहारको मूल्याङ्कन यसबाट हुने,

(३) मौखिक भाषा प्रयोगका क्रममा त्यसको प्रसङ्ग वक्ता, स्रोता, हाउभाउ, चेष्टा, अभिव्यक्ति आदिको अवलोकन गरी पर्यबेक्षण गरिने,

(४) व्यक्तिको भाषिक व्यवहार, वक्ता र स्रोताबीचको शिष्टता र प्रभावशीलता आदिको पर्यवेक्षण गरिने,

(५) यस विधिमा श्रेणीमापन र जाँच सूचीको प्रयोग गरी मूल्याङ्कन गरिने ।

(१३) जाँच सूची : परीक्षणीय विषयको कुराको मुख्य बुँदा दिइ तिनमा प्रत्येक विद्यार्थीको क्षमता के कस्तो छ सो तोक्ने प्रत्येक बुँदामा विभिन्न किसिमका विकल्प समावेस गरिएको हुन्छ । उक्त विकल्पहरूमध्ये सम्वन्धित विद्यार्थीका लागि जुन उपयुक्त छ त्यसमा चिनो लगाइन्छ । जाँच सूचीमा आवश्यक कुरा लेख्न खाली ठाउँ समेत दिइन्छ । जस्तै : लेखन सम्बधित अवलोकन गर्दा रा.स.स. ।

(१४) श्रेणीमापन : खास खास कुरामा विद्यार्थीको सिप, बुझाइ, धारणाको श्रेणी वा स्तर कुन खालको छ सो ठम्याउन बनाएको अवलोकनको साधनलाई श्रेणी मापन भनिन्छ । यसमा एउटा व्यक्तिको मूल्याङ्कन अर्को व्यक्तिबाट हुन्छ । लिखित र मौखिक परीक्षाबाट मापन गर्न नसकिने कतिपय सीप, काम गर्ने बानी, रुचि, व्यवहार, समायोजनलाई श्रेणीमापन विधिबाट मापन गरिन्छ जस्तै उच्चारण : उच्चतम, मध्यम, न्यून ।

श्रेणीमापनका विधिहरू निम्न रहेका छन् :

(१) रेखात्मक श्रेणीमापन,

(२) सङ्ख्यात्मक श्रेणीमापन,

(३) प्रमाणित मापदण्ड श्रेणीमापन,

(४) सञ्चित बुँदाका आधारमा श्रेणीमापन,

(५) दबाब छनेटको आधारमूलक श्रेणीमापन,

(६) श्रेणी निर्धारण प्रक्रियाका आधारमा श्रेणीमापन ।

**निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यन्वयनमा देखिएका समस्याहरू**

(१) निरन्तर विद्यार्थी मूल्याङ्कनका सम्बन्धमा स्पष्ट बुझाइको कमी,

(२) सिकाइ सुधारमा केन्द्रित भन्दा पनि प्रक्रियामूखी मूल्याङ्कनमा जोड दिनु,

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

(३) निरन्तर विद्यार्थी मूल्याङ्कनलाई उदार कक्षोन्नतिको रुपमा सरोकारवालाहरूले लिनु,

(४) निरन्तर विद्यार्थी मूल्याङ्कनका सम्बन्धमा शिक्षकको क्षमता विकास हुन नसक्नु,

(५) शिक्षकका लागि चाहिने आवश्यक पेसागत सहयोग नहुनु,

(६) सम्बन्धित निकायहरू निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यन्वयनमा गम्भिर बन्न नसक्नु,

(७) हरेक पाठमा निरन्तर विद्यार्थी मूल्याङ्कनको आधार मानिएका सबै पक्ष वा उपयुक्त पक्षका आधारमा मूल्याङ्कन गर्ने भन्ने कुरा स्पष्ट पार्न नसक्नु,

(८) शिक्षकहरूको शिक्षण एवम् मूल्याङ्कनप्रतिको दायित्व बोध एवम् लगावमा कमी हुन,

(९) मूल्याङ्कनका विविध साधनहरूको कमी हुनु,

(१०) पाठ्यक्रमले निर्धारण गरेका प्रयोगात्मक र व्यवहारिक पक्षको कार्यन्वयन नगरिनु ।

## निष्कर्ष

भाषा शिक्षण भनेको विषयवस्तुको शिक्षण नभइ भाषिक सिपको शिक्षण हो । त्यस कारण विषयवस्तुको माध्यमबाट भाषाका सुनाइ, बोलाइ, पढाइ, लेखाइ सिपको शिक्षण नै भाषा शिक्षण हो । भाषाको शिक्षण पछि त्यसको मूल्याङ्कन गर्ने निश्चित सैद्वान्तिक आधार अवलम्वन गर्नुपर्ने हुन्छ । त्यस्ता सिद्वान्तहरू मध्ये उद्देश्य अनुरुप परीक्षण गर्नुपर्ने विषयवस्तुको छनोट भाषा तत्व र सिपको परीक्षण एक पटकमा एउटाको मूल्याङ्कन, परीक्षणीय वस्तु र युक्ति बीचको सम्बन्ध र परीक्षणका लागि पूर्व योजना रहेका छन् । यी उल्लेखित सिद्वान्त अनुरुप भाषिक मूल्याङ्कन गर्दा मौखिक जाँच, लिखित जाँच, सिर्जनात्मक लेखन, परियोजना कार्य, कक्षा कार्य, हाजिरी अवलोकन जस्ता साधनहरूको प्रयोग गरिन्छ । अन्य मूल्याङ्कनका साधमध्ये निरन्तर मूल्याङ्कन प्रभावकारी भएको देखिन्छ । यसले विद्यार्थीको शैक्षिक गतिविधिलाई सुधार गरेको देखिन्छ । यो अन्य साधनभन्दा भरपर्दो र विश्वसिलो साधनका रुपमा लिने काम गरिन्छ । यसले विद्यार्थीलाई आफ्नो पढाइमा उत्साहित बनाएको पाइन्छ । यसले विद्यार्थीको वास्तविक मूल्याङ्कन गरेको पाइन्छ । सम्पूर्ण शैक्षिक गतिविधिलाई सुधारमा सहयोग पऱ्याउनुका साथै विद्यार्थीहरूका कमजोरीलाई समयमा नै सुधार गर्न सहयोग गर्दछ ।

## सन्दर्भ सूची

अधिकारी, हेमाङ्गराज (२०५२), *प्रारम्भिक नेपाली भाषा शिक्षण,* काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र केदार शर्मा (२०६२), *प्रारम्भिक नेपाली भाषा शिक्षण* काठमाडौ : सानोठिमी भक्तपुर ।

अधिकारी, हेमाङ्गराज र केदार शर्मा (२०६२), *प्रारम्भिक नेपाली शिक्षण,* काठमाडौंः सानोठिमी भक्तपुर ।

*उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग प्रतिवेदन* (२०५५), काठमाडौ : मकालु प्रकाशन ।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

घिमिरे, राधा (२०६६), *निम्न माध्यमिक तहको कक्षा आठमा निरन्तर मूल्याङ्कन प्रभावकारिता* अप्रकाशित शोधपत्र सुर्खेत : सुर्खेत क्याम्पस (शिक्षा) ।

ढकाल, नरेश विक्रम (२०५६), *उपयोग गरिएका कक्षा १० को नेपाली भाषाको जाँच परीक्षाको प्रश्नहरूको विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि. कीर्तिपुर : काठमाडौं ।

निरौला, विश्वनाथ (२०६६), *कक्षा तिनमा नेपाली भाषा शिक्षणमा गरिने निरन्तर मूल्याङ्कन : एक अध्ययन* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर : काठमाडौं ।

पाठ्यक्रम विकास केन्द्र (२०५९), *निर्माणात्मक मूल्याङ्कन,* भक्तपुर : नेपाल सरकार शिक्षा मन्त्रालय ।

पाठ्यक्रम विकास केन्द्र (२०६७), *कक्षा (१–३) र (१–५) मा निरन्तर विद्यार्थी मूल्याङ्कन,* काठमाडौं : पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुर ।

पौडेल, माधव (२०५२), *जिल्ला स्तरीय परीक्षामा २०५१ मा उपयोग गरिएका कक्षा ८ को नेपाली भाषा प्रश्नहरूको विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि. कीर्तिपुर : काठमाडौं ।

पौडेल, नारायणप्रसाद (२०६२), *निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली र यसको शैक्षिक व्यवस्थापन प्रभाव,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, सुर्खेत : सुर्खेत क्याम्पस (शिक्षा) ।

*राष्ट्रिय शिक्षा आयोग प्रतिवेदन* (२०४९), काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

लम्साल, भोजप्रसाद (२०६२), *प्राथमिक शिक्षामा निरन्तर मूल्याङकन कार्यक्रम,* सुर्खेत : तालिम केन्द्र ।

*विद्यालय शिक्षाको प्रस्तावित कार्यनीति र कार्ययोजनाको अवधारणा पत्र* (२०५८), काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, भोजराज (२०६६), *शिक्षा पत्रपत्रिका,* भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।